भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुस्रेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या :- २०८१/०८१
चलानी नं :-..........

मिति : २०८१/०८/१४

## मागमा आधारित कृषि कार्यक्रम सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित सूचना मिति २०८१/०८/१४**

भानु नगरपालिकाको चालु आ.व. २०८१।८२ को स्वीकृत वार्षिक कृषि विकास कार्यक्रम अन्तर्गत मागमा आधारित अनुदान कार्यक्रम रहेको हुदा ईच्छुक कृषि फर्म/कम्पनी,कृषक समुह, कृषि सहकारी संस्था,विधालय,सामुदायीक तथा सार्वजनिक संस्थाहरुले तपसिलका मापदण्डमा रहि आवश्यक कागजात सहित सुचना भएको मितिवाट ३० दिन (मिति २०८१।०९।१३ गते) कार्यालय समय भित्र प्रस्ताव पेश गर्न आह्वान गरी सम्बन्धित सबैको जानकारिको लागि यो सुचना प्रकाशन गरिएको छ । साथै यस कार्यक्रमको कार्यान्वयन भानु नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८१ अनुसार हुनेछ ।

तपसिल

| क्र.स | कार्यक्रम | मापदण्ड | अनुदान रकम |
|---|---|---|---|
| १ | मागमा आधारित अनुदान कार्यक्रम | (क) तरकारि वालीको लागि कम्तिमा न्युनतम ३ रोपनी र २ वटा टनेल लगाउनु पर्ने र कृषि समुह तथा सहकारीको लागी कम्तिमा ३० रोपनी र १० वटा टनेल लगाउनु पर्नेछ ।<br>(ख) दलहन वालीको लागि कृषि फर्मको हकमा न्युनतम ३ रोपनी र समुह सहकारीको हकमा ३० रोपनीमा लगाउनु पर्नेछ।<br>(ग) फलफुल खेति गर्नको लागी कृषि फर्मको हकमा न्युनतम ५ रोपनी र समुह सहकारीको हकमा ५० रोपनीमा लगाउनु पर्नेछ।<br>(घ) मसलावालीको लागि कृषि फर्मको हकमा न्युनतम ३ रोपनी र समुह सहकारीको हकमा ३० रोपनीमा लगाउनु पर्नेछ।<br>(ङ) च्याउको हकमा कृषि फर्मको लागी १०० डल्ला र समुह सहकारीको हकमा १००० डल्ला च्याउ खेति गर्नु | (क) सार्वजनिक निकायवाट सञ्चालन गरिने कृषि सम्वन्धी क्रियाकलापको हकमा सत प्रतिशत अनुदान हुनेछ।<br>(ख) निजि निकायले संचालन गर्ने कार्यक्रमको हकमा पुर्वाधार निर्माण र यान्त्रीकरणमा अधिकतम ५०% र अन्य |

दिवाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | पर्नेछ।<br>(च) मौरि पालनको लागि कम्तिमा ५ वटा घार र समुह सहकारीको हकमा ५० वटा घार लगाउनु पर्नेछ।<br>(छ) चिया कफिको हकमा कृषि फर्मको लागि २ रोपनी र समुह सहकारीको हकमा २० रोपनीमा लगानुपर्नेछ।<br>(ज) पकेट क्षेत्र स्थापना गर्न कम्तिमा ५० रोपनी हुनुपर्नेछ।<br>(झ) अन्य नविनतम प्रविधिमा आधारित कार्यक्रम संचालनका लागि कुनै प्रस्ताव आएमा कार्यालयको निर्णय अनुसार हुनेछ। | क्रियाकलापमा अधिकतम ७५% सम्म अनुदान दिन सकिनेछ। |

आवश्यक कागजातहरु

१.तोकिएको ढाँचामा निवेदन र निवेदकको परिचय खुल्ने कागजातको प्रतिलिपी,

२.सस्था दर्ताको प्रमाणपत्रको प्रमाणपत्रको प्रतिलिपी तथा नविकरणको प्रतिलिपी,

३.कार्यसमितिको निर्णयको प्रतिलिपी,

५.संस्थाको लेखा परिक्षणको प्रतिलिपी तथा कर चुक्ता भएको प्रतिलिपी,

६.कार्यक्रम संचालन हुने स्थान/जग्गाको स्वमित्व खुल्ने कागजात वा जग्गा भाडामा भए कम्तिमा ५ वर्षको सम्झौता पत्र,

७.व्यावसायीक योजना/समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा पत्र र लागत साझेदारीको प्रतिवद्धता,

८.आयोजना सम्बन्धी अन्य कागजातहरु।

दिबाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत